# कार्यकारी सारांश

आर्थिक वर्ष २०७१/७२ मा राष्ट्रपति चुरे संरक्षण विकास समितिको कार्यक्रम संचालन गर्न रु. १ अरब २५ करोड बिनियोजन भएको थियो । समिति गठन हुनु अघि आर्थिक वर्ष २०७०/७१ का लागि चुरे संरक्षण कार्यक्रम संचालन गर्न विनियोजित रकममध्ये ९ करोड ३८ लाख खर्च हुन नसकेकोले समितिलाई फ्रिज नहुने खातामा सो रकम प्राप्त भएको थियो । यो समेत गरेर आर्थिक वर्ष २०७१/७२ को प्रारम्भमा समितिको वार्षिक कार्यक्रम संचालन गर्न जम्मा रु. ९९ करोड ३८ लाख उपलब्ध थियो ।

आर्थिक वर्षको बजेट कार्यान्वयनको मध्यावधि मुल्यांकन गर्दाका बखत मुलत: निम्नानुसार थप काम गर्न सक्ने सम्भावना देखियो:

- जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयहरूबाट बलान, जलाद र रातु नदीको तटबन्ध निर्माणाधीन प्रकोप नियन्त्रण तथा जलाधार व्यवस्थापन सम्बन्धि थप काम,
- डडेल्धुराको जोगबुढा क्षेत्रको रंगुन नदीको गुरुयोजना तर्जुमा भै तत्काल कार्यान्वयनमा लैजान सकिने र त्यस क्षेत्रमा खेती तथा वस्तीमा पुगेको क्षति दृष्टिगत गर्दा सो काम गर्नु उचित हुने देखि त्यसको पाँच-वर्षे काम मध्येको पहिलो वर्षको काम
- परिक्षणको रुपमा केहि गाउँ विकास समितिहरूलाइ दाउरा-मुक्त तुल्याउन सघन बायो-ग्यास कार्यक्रम कार्यान्वयन
- सिमसार तथा जलाशय संरक्षण गरी स्थानीय समुदायलाइ आय आर्जनको नयाँ विकल्पहरू प्रदान गरी चुरेको प्राकृतिक स्रोत माथिको आश्रय कम गर्ने र भूमिगत जलसतह सुधार गर्ने सोंच अनुरुप परीक्षणको रुपमा छानिएका ठुला तलाउहरूमा संरक्षण तथा बहुउपयोगी पूर्वाधार निर्माण कार्य, र
- चुरे पहाडको बन्जर बनेका ठाउँहरूमा सुरक्षासहितको वृक्षारोपण तथा संरक्षण कार्य

यी थप कार्यक्रमहरूका लागि अर्थ मन्त्रालयबाट पटक-पटक गरी रु. २५ करोड २६ लाख ४० हजार थप निकासा प्राप्त भयो ।

यस प्रकार समितिको कार्यक्रमका लागि कुल उपलब्ध बजेट रु. १ अर्ब २४ करोड ६४ लाख ४० हजार हुन् पुग्यो ।

आर्थिक वर्ष भरिमा यथार्थ खर्च रु. १ अर्ब १५ करोड ९९ लाख ८५ हजार भयो. अर्थात, उपलव्ध कुल बजेटको ९३.०६ प्रतिशत खर्च भयो ।

चुरे क्षेत्रमा ३६ जिल्लाका ३५१ गाउँ विकास समिति र ६१ नगरपालिकाहरु पर्ने भए पनि आर्थिक वर्ष २०७१/७२ मा समितिका कार्यक्रमहरू ३० जिल्लामा संचालन गरिए, जसमध्ये प्युठान र डोटीमा कुनै क्षेत्रगत कार्यक्रम थिएनन्, चुरे संरक्षण दिवसको कार्यक्रममात्र गरिएको हो ।. क्षेत्रगत कार्यक्रमहरु २८ जिल्लामा मात्र संचालन गरियो ।

समितिले निम्न बमोजिम सरकारी, गैर-सरकारी तथा समुदायसंग को साझेदारीमा कार्यक्रम संचालन गर्यो ।

सरकारी साझेदार निकायहरू

(१) जिल्ला वन कार्यालयहरू
(२) जिल्ला भू-संरक्षण कार्यालयहरु
(३) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु कार्यालयहरु
(४) जिल्ला वनस्पति कार्यालयहरु
(५) वन अनुसन्धान तथा सर्वेक्षण विभाग
(६) जिल्ला कृषि विकास कार्यालयहरु
(७) जिल्ला पशु सेवा कार्यालयहरु
(८) जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयहरु

अर्घाखाँची बाहेक २७ जिल्लाहरुमा सामाजिक परिचालनका लागि गैर-सरकारी संस्थाहरु नियुक्त गरिएको छ । जिल्ला वन कार्यालयहरू र जिल्ला भू-संरक्षण कार्यालयहरुबाट संचालित कार्यक्रमहरु स्थानीय सामुदायिक बन समुहसंग सहकार्य गरिएको छ. तटबन्ध निर्माणका कतिपय श्रममुलक कामहरु स्थानीय समुदायको सहभागितामा भएको छ ।

स्थानीय सामुदायिक वन समुहको सहकार्यमा नेपाली सेना मार्फत सिराहा र सप्तरीका तीनवटा ताल संरक्षण र सप्तरीको बन्जर चुरे पहाडी क्षेत्रमा हरियाली प्रवर्धनको काम गरिएको छ ।

आर्थिक वर्ष २०७१/७२ मा ४० वटा नदी/जलाधार प्रणालीमा जोखिम न्यूनीकरण, उपचारात्मक र हरियाली प्रवर्धनको काम गरिएकोमा ५ वटा जलाधार प्रणाली, क्रमश: बलान, जलाद, रातु, लालबकैया र रंगुन खोलामा सघन रुपमा तटबन्ध निर्माण र नदि उकास जग्गामा संरक्षणको काम प्रारम्भ गरियो ।

समष्टिगत रुपमा आर्थिक वर्ष २०७१/७२ मा निम्नानुसार उपलव्धि हासिल गर्न सकिएको छ ।

| **क्र.सं.** | **काम** | **इकाई** | **परिमाण** |
|---|---|---|---|
| १ | सिमसार/ताल संरक्षण तथा जलाशय निर्माण र पानी मुहान संरक्षण | संख्या | ३२२ |
| २ | गल्छी नियन्त्रण तथा चेकड्याम निर्माण कार्य | संख्या | १५० |
| ३ | तटबन्ध निर्माण | कि.मि. | ५१.२ |
| ४ | स्पर तथा स्टड निर्माण | संख्या | १०० |
| ५ | वनको संवेदनशील क्षेत्र (हट स्पट) तरबार सहित संरक्षण | हेक्टर | ५०६ |
| ६ | विभिन्न प्रजातिका विरुवा (काठ,बाँस,गैर काष्ठ, जडिबुटी, अम्रिसो आदि) | हजार | ६८,४१ |
| ७ | तारवार सहित वृक्षारोपण | हेक्टर | १,४२९ |
| ८ | कृषि उपज वजारस्थल निर्माण | संख्या | १२ |
| ९ | गोठ सुधार | संख्या | १,०२५ |

| | | | |
|---|---|---|---|
| १० | स्टल-फिडिंगका लागि ब्लक वितरण | संख्या | ३,००० |
| ११ | बाख्रा खोर सुधार | संख्या | ६८० |

## पृष्ठभूमि

चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल सरकारले चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखिनै यसको संरक्षणलाई महत्व दिँदै आएको हो । आ.व. २०६७/०६८ देखि राष्ट्रिय प्राथमिकता प्राप्त राष्ट्रिय गौरवको कार्यक्रमको रुपमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको थियो । चार वर्षको अनुभवले प्रकृति तथा प्राकृतिक संरक्षणको विषय बहुआयमिक रहेको र सानोतिनो कार्यक्रमिक हस्तक्षेपले मात्र स्थितिमा सुधार हुन नसक्ने देखि चुरे-तराई मधेशको संरक्षणका लागि एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन र संरक्षण सम्वन्धी नीतिहरु तर्जुमा गर्न २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन भएको हो । समितिको गठन संगै नेपाल सरकारले पूर्वमा ईलाम देखि पश्चिममा कंचनपुर जिल्ला सम्मका ३६ जिल्लामा पर्ने नेपालको कूल भूभागको १२.७८ प्रतिशत क्षेत्रफल ओगटेको चुरे पर्वत श्रृंखलाको भूभागलाई वातावरण संरक्षण क्षेत्र घोषण गरेको हो । समितिले कार्यक्रम संचालन गर्ने क्षेत्रमा चुरे वातावरण संरक्षण क्षेत्रको साथै चुरे विनासवाट प्रभावित दश गज्जा सम्मको तराइ मधेशको भू भाग समेत पर्दछ जस्को मुख्य मुख्य विवरणहरु निम्न अनुसार रहेको छ ।

**१ चुरे क्षेत्रबारे आधारभूत तथ्यहरु**

- क्षेत्रफल तथा जनसंख्या
    - चुरे वातावरण संरक्षण क्षेत्र :- १८९६२५१ हेक्टर, जनसंख्या- ३६,८६,०५६ (सिमाना क्षेत्रहरूमा आंशिक क्षेत्र परेतापनि गाउँ विकास समितिको वडाको पुरै जनसंख्या लिएको)
    - समितिको कार्य क्षेत्र (चुरे संरक्षण क्षेत्र, भावर, तराई-मधेश) : जनसंख्या- १,४४,७४,७०५
- नगरपालिका: - ३७ (६१ नगरपालिका थपिनु अगाडीको)
- गा.वि.स.: - ३५१, वडाहरु -२३४२ (६१ नगरपालिका थपिनु अगाडीको)

- जिल्ला - ३६
- निकुन्ज तथा आरक्षको संख्या तथा क्षेत्रफल : संख्या - ६, क्षेत्रफल - ३४२९ बर्ग किलो मिटर
- कूल नदी/जलाधार प्रणालीको संख्याः १६५

**२ समितिले पाएको जिम्मेवारीहरु**

समितिको गठन आदेशमा समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम तोकिएको छ :

(क) चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने,

(ख) चुरे क्षेत्र र चुरे क्षेत्रको उपल्लो तथा तल्लो तटीय क्षेत्र बीचको सम्बन्ध स्थापित हुने गरी व्यवस्थापन कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने, गराउने,

(ग) चुरे क्षेत्रका जोखिमयुक्त र अति संवेदनशील क्षेत्रहरु पहिचान गरी संरक्षणका योजनाहरु बनाउने र सोको कार्यान्वयन गर्ने गराउने,

(घ) चुरे क्षेत्रको प्राकृतिक स्रोत र साधनलाई कम क्षति पुग्ने गरी विकास योजना सञ्चालन गर्न त्यस्ता विकास कार्यक्रम सञ्चालन गर्ने निकायसंग समन्वय गर्ने,

(ङ) चुरे क्षेत्रको संरक्षणका लागि स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने, गराउने तथा तिनको सहयोग परिचालन गर्ने गराउने,

(च) चुरे क्षेत्रको संरक्षण गर्न आवश्यक पर्नेप्राविधिक तथा वित्तीय स्रोत जुटाउने,

(छ) समितिले स्वीकृत गरेका योजना र कार्यक्रमको कार्यान्वयन पक्षको तोकिए बमोजिम अनुगमन र मूल्यांकन गर्ने,

(ज) समितिका नीति र योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्दा सम्बन्धित निकाय र संघ-संस्थाहरुसँग आवश्यक समन्वय कायम गर्ने,

(झ) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने ।

चुरे को प्राकृतिक सम्पदा र पारिस्थितिकीय प्रणालीको संरक्षण गर्दै दिगो विकास र वातावरणबीच संतुलन कायम रहने गरी सबै सरोकारवाला र लाभग्राहीहरूको सहभागितामा तयार पारिएको आर्थिक वर्ष २०७१/७२को कार्यक्रमलाई समितिले कार्यान्वयन गरेको थियो । २०७१ असार २ गते समितिको

गठन पश्चात सघन र एकीकृत रुपमा कार्यक्रम कार्यान्वयन गर्ने नमुनाको लागि बिगतको अध्ययनबाट अति संवेदनशील देखिएका तराईका चारवटा नदी प्रणालीहरु क्रमशः बलान (सप्तरी र सिराहा), जलाद (धनुषा), रातो (धनुषा र महोतरी) र लालबकैया (मकवानपुर, बारा र रौतहट) मा वन विभाग, भू-संरक्षण विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका अधिकृतहरु र जिल्ला स्तरका वन, भू संरक्षण, वनस्पति, कृषि र पशु विकास कार्यालयहरुका अधिकृतहरुको संलग्नता मा यि चार नदी प्रणालीहरुको लागी सघन रुपमा कार्यक्रम संचालन गर्न समितिको पहलमा एकीकृत योजना तर्जुमा गरिएको थियो । चार नदी प्रणाली बाहेक जिल्लाहरुको अरु नदी प्रणालीहरुकोलागी विगतमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको लागी सम्बन्धित जिल्लागत निकायहरुले तयार गरेको योजनाहरुलाई सम्बन्धित विभागको राय अनुसार स्वीकृत गरिएको थियो । आर्थिक वर्ष २०७१/७२ मा समितिको कार्यक्रमहरु ३० जिल्लाहरुमा मात्र सिमित रहेको थियो ।

समितिलाइ आ. व. २०७१/७२ कोलागी नेपाल सरकारबाट विनियोजित रु. ९० करोड र आ. व. २०७०/७१मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको खर्च हुन नसकेको मध्ये अनुदानको रुपमा प्राप्त रु. ९ करोड ३८ लाख गरी जम्मा रु.९९ करोड ३८ लाख बजेट बरोबरको कार्यक्रम स्वीकृत गरिएको थियो । चार वटा नदि प्रणालीमा सघन रुपमा कार्यक्रम संचालन गर्न फिल्ड सर्भेबाट कूल रु.३ अरब, ८ करोड ३३ लाख २१ हजार लाग्ने अनुमान गरिएकोमा बजेटको सीमाको कारण रु ३८ करोड ५६ लाख ७७ हजारको कार्यक्रम मात्र स्वीकृत गरिएको थियो । आर्थिक वर्षको चैत्र महिना अघि प्रस्ताव गरिएका सबै कार्यक्रम सम्पन्न गरी जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं २ जनकपुर को साथै सिराहा तथा सप्तरीमा तालहरु संरक्षण तथा सुधारको नविन कार्यक्रमहरु नेपाली सेना मार्फत संचालनको लागि अर्थ मन्त्रालयको सहमतिमा रु १६ करोड ५० लाखको कार्यक्रमहरु स्वीकृत गरी बजेट निकाशा गरिएको थियो । त्यस्तै डडेल्धुराको रंगुण र पुरन्तारा नदी प्रणालीहरुले पुरयाई रहेको हानि नोक्सानीलाई रोकथाम गर्न जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ९, धनगढी मार्फत पेश भएको गुरु योजना अनुरुप कार्य संचालन गर्न रु. ९ करोड ३३ लाखको कार्यक्रम स्विकृत गरि अर्थ मन्त्रालयबाट थप रकम निकाशा गरिएको थियो ।

आ. व. २०७१/७२ मा कूल रु. १ अरब २५ करोड २१ लाख को कार्यक्रमहरु संचालन गर्न यस अवधिमा एक निकायले समयमा कार्यक्रम सम्पन्न गर्न नसकेको अवस्थामा समयमै कार्य सम्पन्न गर्ने अन्य निकायको मांग अनुसार थप काम गर्न कार्यक्रमहरु संशोधन गरी निकाशा दिएर फिल्ड स्तरमा वढी भन्दा वढी कार्यक्रमहरु सम्पन्न गर्ने व्यवस्था मिलाइएको थियो ।

## उदेश्यहरु

१. चुरे विनासलाई नियन्त्रण र यसवाट तल्लो तटिय क्षेत्रमा परि रहेको नकारात्मक असर र जोखिमलाई न्युनिकरण गर्न अति सम्वेदनशील चार नदी प्रणालीहरुमा भू तथा जलाधार संरक्षण, नदी नियन्त्रण, वन तथा जैविक विविधताको संरक्षण तथा विकास को साथै स्थानीय जनताहरुको जिविकोपार्जनको लागि सघन रुपमा कार्यक्रमहरु संचालन गर्ने,

२. पानीको मुहानको संरक्षण गर्ने र भूमिगत जलस्तरमा सुधार ल्याउने,

३. वन अतिक्रमण नियन्त्रण र यस्को व्यवस्थापन गरी वन क्षेत्र पुनर्स्थापना गर्ने,

४. वाढी, पैह्रो, नदी कटान को नियन्त्रण र पानीको श्रोत संरक्षण गरी कृषि उत्पादकत्वमा वृद्धि गर्ने,

५. नदी उकास जमीनमा हरियाली प्रवर्धनको लागी कृषि वन र जडीबुटीको खेती गरी स्थानीयहरुको जिविकोपार्जनमा टेवा पुरयाउने,

६. चुरेको वन माथिको चाप घटाउन वैकल्पिक उर्जाका श्रोतहरु वढाउने,

७. ढुंगा गिट्टी उत्खनन, चरिचरन, आगलागी र वसाई सराईको प्रभावको अध्ययन र यस्ता प्रभाव न्युनिकरणकोलागी सुझाव सहितको प्रतिवेदन तयार गर्ने,

८. आगामी आ. व. हरुमा चुरे क्षेत्रको समग्रमा संरक्षण र दिगो विकासको लागि प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्न २० वर्षे गुरुयोजना वनाइ लागु गर्ने र चुरे संग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने,

९. विभिन्न स्तरमा संचालित कार्यक्रमहरुको सार्वजनिक परिक्षण, प्रगति समिक्षा र संयुक्त अनुगमन तथा मूल्यांकन गर्ने परिपाटीको विकासगरी कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्ने र

१०. चुरे संरक्षणको महत्वबारे जनचेतना अभिवृद्धि तथा चुरे क्षेत्रको संरक्षण र विकासमा लागेका सरोकारवाला निकायहरुको क्षमता अभिवृद्धि गर्ने ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकाश समिति कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकाय हो । एकीकृत कार्यक्रम तर्जुमामा सहभागी भई जिम्मेवारी बाँडफाँड गरिएका सवै विषयगत मन्त्रालयका विभागहरु, क्षेत्रिय निर्देशनालयहरु र जिल्ला स्थित निकायहरु कार्यक्रम कार्यान्वयनका लागि उत्तिकै जिम्मेवार भएर सहभागी भएका थिए । स्वीकृत भएको कार्यक्रम  वजेटको अख्तियारी जिल्लाहरूमा प्राप्त भइसके पछि जिल्ला समन्वय समितिको वैठक बसि एकीकृत योजना तर्जुमामा संलग्न तथा

वजेट अख्तियारी प्राप्त विषयगत निकायहरुले नदी प्रणालीको लागी एकीकृत रुपमा वर्षभरीको विस्तृत कार्यान्वयन खाका बनाई सो अनुरुप कार्यान्वयन गरेका थिए । कार्यक्रम सञ्चालन गर्दा सहभागितात्मक, पारदर्शी, प्रभावकारी, समावेशी र नतिजामूलक पद्धतिहरु अपनाउनु पर्ने निर्देशन थियो ।

## चुरे वातावरण संरक्षण क्षेत्रको अवस्थिति क्षेत्रफल र यो क्षेत्रमा पर्ने स्थानीय निकायहरु






| क्र.सं. | जिल्ला | वडा संख्या | गा.वि.स.संख्या | न.पा.संख्या | क्षेत्रफल (हे.) |
|---|---|---|---|---|---|
| **१. पूर्वान्चल** | | | | | |
| १ | इलाम | ५५ | १४ | | ३८,९८२ |
| २ | झापा | ५२ | ६ | ३ | १९,१२५ |
| ३ | मोरंग | ५३ | १० | | १८,६६६ |
| ४ | सुनसरी | ३० | ५ | १ | १०,३६४ |
| ५ | धनकुटा | ३ | १ | | ५६१ |
| ६ | भोजपुर | ३ | १ | | ६३ |
| ७ | उदयपुर | १४३ | १८ | ३ | १,२६,८६० |
| ८ | सप्तरी | ४७ | १४ | २ | २३,६०४ |
| ९ | सिरहा | ३१ | १० | १ | २१,०४५ |
| **जम्मा** | **९** | ४१७ | ७९ | १० | २,५९,२६८ |
| **२. मध्यमान्चल** | | | | | |
| १० | धनुषा | २९ | ७ | २ | ३४,०५७ |
| ११ | महोतरी | २८ | ४ | | १६,२८८ |
| १२ | सर्लाही | ४४ | ५ | २ | २३,४९३ |
| १३ | सिन्धूली | २१९ | ३१ | १ | १,४३,४९७ |
| १४ | काभ्रे | १५ | ६ | | ७४५ |
| १५ | ललितपूर | ११ | ३ | | ५९१ |
| १६ | मकवानपुर | १५१ | १८ | १ | १,४०,२९७ |
| १७ | रौतहट | ९ | २ | १ | ९,९७८ |
| १८ | बारा | २० | १ | १ | २०,५२७ |
| १९ | पर्सा | १६ | ३ | | ५७,३२४ |
| २० | चितवन | २६९ | २७ | ४ | १,८८,८५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | **११** | **८११** | **१०७** | **१२** | **६,३५,६५४** |
| **३. पश्चिमान्चल** | | | | | |
| २१ | तनहुँ | ४ | २ | | ५६२ |
| २२ | पाल्पा | ६१ | १३ | | २५,०९८ |
| २३ | नवलपरासी | २१९ | २३ | ५ | १,२३,१३९ |
| २४ | रुपन्देही | ३७ | ३ | ३ | २३,५०५ |
| २५ | कपिलवस्तू | २० | ९ | | २२,३८६ |
| २६ | अर्घाखाँची | ४२ | ८ | | ४६,६१६ |
| **जम्मा** | **६** | **३८३** | **५८** | **८** | **२,४१,३०८** |
| **४. मध्य-पश्चिमाञ्चल** | | | | | |
| २७ | सल्यान | २१ | ३ | | ३२,६४९ |
| २८ | प्युठान | ९ | ३ | | ३,०५२ |
| २९ | दांग | ३२४ | ३५ | २ | २,४८,१४० |
| ३० | बांके | ५५ | १४ | १ | ८०,८७२ |
| ३१ | बर्दिया | ३ | २ | | ७०,१३२ |
| ३२ | सुर्खेत | १९५ | २८ | १ | १,१४,६४० |
| **जम्मा** | **६** | **६०७** | **८५** | **४** | **५,४९,४८४** |
| **५. सुदुर-पश्चिमाञ्चल** | | | | | |
| ३३ | डोटी | १३ | ५ | | ३,७८९ |
| ३४ | कैलाली | ८७ | १३ | २ | १,४४,९५० |
| ३५ | कन्चनपुर | १८ | ४ | १ | २३,३०८ |
| ३६ | डडेल्धुरा | २३ | ३ | | ३८,४९० |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | **४** | **१४१** | **२५** | **३** | **२,१०,५३७** |
| **कुल जम्मा** | **३६** | **२,३५९** | **३५४** | **३७** | **१८,९६,२५१** |

## कार्यक्रम संचालनमा साझेदार निकायहरु

१. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका ७६ इकाईहरू

- वन कार्यालयहरू (३० जिल्ला)
- भू-संरक्षण कार्यालयहरू (२६ जिल्ला)
- वनस्पति कार्यालयहरू ५ (कैलाली, बाँके, मकवानपुर, धनुषा, र इलाम)
- राष्ट्रिय निकुन्ज र वन्यजन्तु आरक्षहरु ५ (पर्सा, चितवन, बाँके, बर्दिया, शुक्लाफाँटा)
- वन अनुसन्धान र अन्य बिभाग तथा क्षेत्रीय निर्देशनालयहरु- १०

२. कृषि विकास मन्त्रालय अन्तर्गतका २५ इकाईहरू

- कृषि विकास कार्यालयहरू (१०जिल्ला)
- पशु सेवा कार्यालयहरू (१०जिल्ला)
- विभाग तथा क्षेत्रीय निर्देशनालयहरु- ५

३.सिंचाई मन्त्रालय अन्तर्गतका ४ इकाइहरू

- जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयहरू (जनकपुर, परवानीपुर र धनगढी)
- जनताको तटबन्ध कार्यालय : जलेश्वर

४. विश्व विध्यालयहरु (२ वटा)

- त्रिभुवन विश्व विध्यालय
- काठमाडौँ विश्व विध्यालय

५. गैर-सरकारीसंस्थाहरू (२७ वटा)

६. सामुदायिक वन उपभोक्ता समूहहरू

७. नेपाली सेना

८. नेपाल वातावरण पत्रकार समूह

## काम संचालन भएको जिल्ला तथा नदी प्रणालीहरू

| क्र.सं. | जिल्ला | नदी प्रणाली | | क्र. सं. | जिल्ला | नदी प्रणाली |
|---|---|---|---|---|---|---|
| १ | इलाम | लोदिया | | १६ | मकवानपुर | **बकैया** र शक्ति |
| २ | झापा | विरिङ्ग | | १७ | नवलपरासी | झरेही–भलुही |
| ३ | मोरङ्ग | लोहेन्द्रा | | १८ | रुपन्देही | घोडहा |
| ४ | सुनसरी | सर्दु–सेउती–सुनसरी | | १९ | कपिलवस्तु | वाणगंगा |
| ५ | सिरहा | **बलान** | | २० | पाल्पा | अरुण |
| ६ | सप्तरी | सुन्दरी, **बलान** र खान्ड़ो | | २१ | अर्घाखाँची | रनसिं |
| ७ | उदयपुर | कंग-हडीया | | २२ | दाङ्ग | गुरुङ्ग, अर्जुन र महातिनी |
| ८ | धनुषा | **जलाद,** औरही र **रातु** | | २३ | प्युठान | चुरे संरक्षण दिवस मात्र |
| ९ | महोत्तरी | **रातु** र मडाहा | | २४ | बाँके | राष्ट्रिय निकुञ्ज मात्र |
| १० | सिन्धुली | घाँघर | | २५ | बर्दिया | राष्ट्रिय निकुञ्ज मात्र |
| ११ | सर्लाही | लखनदेही | | २६ | सुर्खेत | फँलाटे र गोचे |
| १२ | रौतहट | चाँदी, हर्दिया र **लाल बकैया** | | २७ | कैलाली | लिकमा कटेनी, मोहना |
| १३ | बारा | बंगारी, दुधौरा र **लाल बकैया** | | २८ | कन्चनपुर | खनीया, कामीकाटे, रतौला |
| १४ | पर्सा | भेडहा | | २९ | डडेल्धुरा | **पुन्तरा, रंगुन** |
| १५ | चितवन | बगाई र उपल्लो कयर | | ३० | डोटी | चुरे संरक्षण दिवस मात्र |

**नोटः** बोल्ड गरिएको नदी प्रणालीहरुमा जल उत्पन्न प्रकोप नियन्त्रण, वन, भूसंरक्षण, कृषि विकास, पशु सेवा र बनस्पति विभागहरु मार्फत एकीकृत कार्यक्रम सघन रुपमा संचालन भएको थियो ।

## समिति स्वयमले कार्यान्वयन र संयोजन गरेका कामहरूको प्रगति

*१ गुरुयोजना निर्माण*

*२ अनुसन्धान तथा प्रविधि विकास*

*३ नीति तथा कार्यविधि तर्जुमा*

*४ समन्वय गोष्ठी तथा क्षमता विकास तालीम*

*५ सामाजिक परिचालन*

*६ प्रचार-प्रसार*

*७ बार्षिक योजना निर्माण*

*८ अनुगमन*

*९ साझेदार निकायहरूलाई प्राविधिक टेवा*

*१० नविन सोंचका कार्यक्रम*

*११ समितिको प्रशासनिक तथा व्यवस्थापकीय कामको प्रगति*

### *१ गुरुयोजना निर्माणको कार्य प्रगति*

चुरे-तराइ मधेश गुरुयोजना निर्माणको प्रारम्भिक कार्य २०७१ साल असोज महिना देखि सुरु भएको भएपनि विषयगत बिज्ञहरु सम्मिलित योजना निर्माण टोलीले फाल्गुण महिनामा पूर्णता पाइ क्रमबद्ध तरिकाले काम अघि बढिरहेको छ । समष्टिगतरुपमा गुरुयोजनाको खाका तयार गरि आधारभूत तथ्याङ्क संकलन, आवश्यकता अनुसार परिमार्जन, सरोकारवालाहरु संग प्रारम्भिक छलफल, प्राप्त सूचना अभिलेखिकरण, सन्दर्भ सामग्री संकलन जस्ता कामहरु सम्पादन भइसकेको छ । प्राप्त तथ्याङ्क, सूचनालाई बिश्लेषण गरि प्रतिबेदन तयार गर्ने कार्य जारी रहेको छ । सम्पादन भएका मुख्य कामहरुको बुंदागत विवरण निम्नानुसार छ ।

- सरोकारवाला र विज्ञहरुसंग पूर्व तयारी छलफल
- व्यवस्थापिका संसदका सांसदहरुसंग परामर्श
- आधारभूत इमेज, तथ्याङ्क, सूचना संकलन
- नदी प्रणाली पहिचान, नामांकन र तिनका जलाधार क्षेत्र सिमांकन
- जिल्ला स्तरिय र स्थानिय स्तरका सरोकारवाला संग परामर्श विधि र समाग्रि तयारी
- २७ जिल्लाको समयगत भू-उपयोग नक्शा र भू-उपयोग तथ्याङ्कगत परिवर्तन प्रवृत्ति विश्लेषण
- ३१ जिल्लाको भूगर्भ, धरातलीय अवयवका (slope, altitude, aspect, drainage density) बिभिन्न पक्ष समटिएका आधारभुत नक्सा तयार
- ३१ जिल्लाका नदी प्रणालीगत प्रकोपजन्य तथा सम्वेदनशील क्षेत्र देखिने प्रारम्भिक नक्शांकन
- चुरे पहाड क्षेत्रको अस्थिरता आंकलनका प्रारम्भिक आधार तयार
- केन्द्र स्तरका सरोकारवाला संग परामर्श छलफल
- २७ जिल्लाका जिल्ला स्तरिय सरोकारवाला संग परामर्श छलफल
- ३१ जिल्लाको स्थलगत अध्यन र स्थानीय समुदाय संग स्थलगत परामर्श
- २७ जिल्लाका बिषयगत कार्यालयका प्रतिनिधि संग बिषयगत परामर्श
- ३१ जिल्लाका बिषयगत कार्यालयका संदर्भ सामग्री संकलन
- चुरे पहाड क्षेत्रको जनसंख्या सम्बन्धि तथ्याङ्कको प्रारम्भिक बिश्लेषण
- सरोकारवाला (केन्द्र, जिल्ला र स्थानिय) बाट प्राप्त सूचनाहरुको प्रतिबेदन लेखन
- चुरे पहाडमा स्थित घरसँख्याको गुगल तथा भुसूचना प्रणालीबाट परिगणना (३०% सम्पन्न)

## *२ अनुसन्धान तथा प्रविधि विकास*

१. पाँचवटा कलस्टरमा समितिको विज्ञ सहितको अनुसन्धान तथा सहयोग इकाई स्थापना गरि त्यहाँ बाट काम शुरु भएको

२. अनुसन्धान कार्यलाई अगाडी बढाउन त्रिभुवन विश्वविध्यालयको वातावरण विज्ञान, जीव विज्ञान, वनस्पति विज्ञान / भूगर्भ विभागहरु तथा इन्जिनियरिगं अध्ययन संस्थान तथा वन विज्ञान अध्ययन संस्थान संग अन्तरक्रिया गरी MOU भएको

३. चुरे वातावरण संरक्षण क्षेत्रको क्षेत्रफल र नक्शा सहितको एट्लस तयार गरि प्रकाशन भएको ।

४. काठमाण्डौं विश्वविध्यालय सँग बाँस अनुसंधानका लागी सम्झौता भई कार्यक्रम अगाडी वढेको ।

५. चुरे क्षेत्रमा विकास निर्माणका लागी वातावरणीय संरक्षणका मापदण्डहरु – २०७१ तयार गरी स्वीकृत भएको ।

६. अध्ययन, अनुसन्धानका लागी अध्ययन, अनुसन्धान तथा प्रविधि विकास शाखाको सांगठनिक मस्यौदा तैयारी ।

८. Research and Grant Procedure Guideline को मस्यौदा तैयारीको क्रममा रहेको ।

९. अध्ययन, अनुसन्धान तथा प्रविधि विकासको कार्यलाई अगाडी बढाउन राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति र त्रिभुवन विश्वविद्यालय तथा काठमाण्डौं विश्वविद्यालयका बिच सहमती पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको ।

१०. चुरे क्षेत्रको नक्शा (३६ जिल्लाको) तैयारी गरी पुस्तक प्रकाशन गर्ने कार्य सम्पन्न भएको ।

११. सिराहाको देविदह ताल र बाबा ताल तथा सप्तरीको लोहजरामा तालको जिर्णोद्धार गरी पर्या–पर्यटनको विकास गर्ने कार्यको लागी नेपाली सेना मार्फत कार्य सम्पन्न गरी ताल / दहहरु समुदायमा हस्तान्तरण गरिएको ।

१२. चुरे क्षेत्रमा कार्यरत सरकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्था र विश्वविध्यालयहरुको बिचमा अन्तरकृया गरी भावी सहकार्यको संभावनामा छलफल सम्पन्न ।

१३. चुरे क्षेत्रको Socio-Economic Data Base तयार गर्ने सिलसिलामा जनसंख्या, घरधुरी सम्वन्धि जानकारी राख्ने कार्य सम्पन्न भएको ।



चित्र १: अनुसन्धान केन्द्र स्थापनाबारे सरोकारवालाहरुसंग छलफल



चित्र २ : वन मन्त्रालयमा काठमाडौं विश्वबिध्यालय संग सहकार्यको लागी सहमती

## ३ संस्थागत विकास, नीति तथा कार्यविधि तर्जुमा

- सांगठनिक स्वरूप को संरचना , आर्थिक नियमावली र प्रशासनिक नियमावली स्वीकृत भई लागु भएको ,
- नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यविधि २०७१ जारी
- योजना तर्जुमा, कार्यान्वायन तथा अनुगमन कार्यविधि २०७१ तर्जुमा गरि जारी
- चुरे संरक्षण क्षेत्रमा विकास निर्माणका आयोजनाहरू संचालन गर्दा अवलम्बन गर्नुपर्ने मापदण्डहरू जारी
- प्रत्येक वर्षको असार २ गते चुरे संरक्षण दिवस मनाउने कार्यविधि तयार
- जिल्ला विकास समितीहरूले चुरे क्षेत्रका नदी प्रणालीहरूबाट ढुंगा-गिट्टी निष्काशन गर्ने वातावरणीय अध्ययन प्रतिवेदन सहित सहमति मागे अनुसार अवलोकन गरी सहमति वा असहमतिको निर्णय गरिएको
- अनुगमन निर्देशिका मस्यौदा तयारी |
- पोस्टर पम्प्लेट टाँस्ने सम्बन्धि आचारसंहिता तयारी |
- सामाजिक परिचालन कार्यविधि मस्यौदा तयारी |
- नदी प्रणाली अन्तर्गत समूह गठन तथा संजाल निर्माण कार्यविधि मस्यौदा तयार

## ६.४ समन्वय गोष्ठी तथा क्षमता विकास

| क्रम संख्या | कामको विवरण | इकाई | प्रगती परिमाण |
|---|---|---|---|
| १ | केन्द्रिय समन्वय समिति बैठक | पटक | ६ |
| २ | क्षेत्रीय क्षमता विकास तालीम | पटक | ४ |
| ३ | अन्तर-विभागीय समन्वय बैठक | पटक | १ |
| ४ | चुरे समिति बारे अभिमुखीकरण गोष्ठी | पटक | ५ |
| ५ | योजना तर्जुमा गोष्ठी | पटक | ६ |

| | | | |
|---|---|---|---|
| ६ | क्लस्टर स्तरीय समन्वय गोष्ठी | पटक | ५ |
| ७ | सामाजिक परिचालन सम्बन्धि अभिमुखीकरण गोष्ठी | पटक | ४ |
| ८ | क्लस्टरका विज्ञहरुलाई अभिमुखिकरण गोष्ठी | पटक | १ |
| **समितिको बैठक र निर्णयहरु:** आ.व. २०७१/७२मा १३ पटक नियमित र ५ विशेष गरी १८ पटक बैठक बसी ८६ वटा निर्णय गरेको | | | |




चित्र ३ : समितिका नवनियुक्त विज्ञहरुलाई वन तथा भू संरक्षण मन्त्रालयमा परिचय तथा तालिमको प्रमाणपत्र वितरण



चित्र ४ : समितिका विज्ञहरुको अभिमुखीकरण तालिम पश्चात समूहगत तस्वीर



चित्र ५ : जिल्लामा समाजिक परिचालनका लागी छनौट भएका गै.स.स.लाई अभिमुखीकरण

## ५ सामाजिक परिचालन

कार्यक्रम लागु भएका २७ जिल्लाहरुमा १/१ वटा गैर सरकारी संस्थाहरुको छनौट गरी समाजिक परिचालन र प्रचार प्रसारको कार्यक्रमहरु संचालन भै रहेको छ ।

जिल्लाहरुमा समाजिक परिचालन को लागि छनौट भएका गैर सरकारी संस्थाहरु निम्नानुसार छन ।

| क्रम संख्या | जिल्ला | संस्थाको नाम |
|---|---|---|
| १ | उदयपुर | मूलधार महिला सुधार समाज |
| २ | मोरङ्ग | सामुदायिक विकास समाज |
| ३ | धनुषा | जन विकास श्रोत केन्द्र |
| ४ | रौतहट | एकीकृत ग्रामीण विकास केन्द्र |
| ५ | बारा | ग्रामीण क्षेत्र तथा कृषिवन विकास केन्द्र |
| ६ | पर्सा | ग्रामीण क्षेत्र तथा कृषिवन विकास केन्द्र |
| ७ | सर्लाही | जागरण अभियान नेपाल |
| ८ | महोत्तरी | रतौली युवा क्लब |
| ९ | सिन्धुली | रतौली युवा क्लब |
| १० | कपिलवस्तु | इन्द्रेणी ग्रामीण विकास केन्द्र |
| ११ | रुपन्देही | तराई दलित सरोकार केन्द्र |
| १२ | बाँके | वातावरण तथा ग्रमिण विकास केन्द्र |
| १३ | सुर्खेत | वातावरण सुधार समाज |
| १४ | डडेलधुरा | बहुउदेश्यीय विकास समाज |
| १५ | कैलाली | समाज विकासमा गतिशीलता |
| १६ | चितवन | संरक्षण नेपाल |
| १७ | सिरहा | इनद्रेणी सेवा समाज र जीवन केन्द्र |
| १८ | मकवानपुर | फ्यूचर नेपाल |
| १९ | कञ्चनपुर | समुदाय, वातावरण तथा वाल विकास संघ |
| २० | झापा | सागरमाथा सामुदायिक विकास केन्द्र |
| २१ | बर्दिया | थारु महिला उत्थान केन्द्र र गेरुवा ग्रामिण संघ |
| २२ | दाङ्ग | मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र |
| २३ | पाल्पा | सामुदायिक वन समन्वय समिति |
| २४ | सुनसरी | वातारण संरक्षण तथा सामाजिक विकास संस्था र राजदेवी इन्जियरिङ्ग कन्सलटेन्ट |
| २५ | ईलाम | सामाजिक सेवा तथा वातावरण संरक्षण मञ्च र जुनतारा सामाजिक विकास केन्द्र |
| २६ | सप्तरी | युवा सशक्तिकरण संघ नेपाल |
| २७ | नवलपरासी | वातावरणीय प्रदुषण चेतना र न्यूनिकरण लागि राट्रिय संगठन |



चित्र ६ : कोहलपुरमा गै.स.स. कर्मचारीलाई समाजिक नक्शा तयारीको अभ्यास

## ६ प्रचार-प्रसार

१. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको संगठन संरचना तथा जनशक्ति योजना नामक पुस्तिका प्रकाशन भएको ।

२. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति एक परिचय नामक व्रसर ५००० गोटा प्रकाशन भएको ।

३. चुरे संरक्षणको आवश्यकता र उपाय नामक व्रसर ५००० गोटा प्रकाशन भएको ।

४. वनमा डढेलो कसरी लाग्छ र कति क्षति हुन्छ नामक पम्पलेट प्रकाशन भएको ।

५. चुरे क्षेत्रमा चरिचरन नियन्त्रण/व्यवस्थापन नामक पम्पलेट प्रकाशन भएको ।

६. चुरेको विनाश र यसबाट भएको प्रभाव झल्किने पोस्टर १५००० थान प्रकाशन र वितरण भएको ।

७. विभिन्न ८ वटा राष्ट्रिय दैनिक र अप्पन मिथिला मासिक मैथिली पत्रिका गरि ९ वटा पत्रिकाहरुमा सर्वसधारणको जानकारीको लागि चुरे सम्बन्धि सूचना प्रकाशन भई सकेको ।

८. WWW.chureboard.gov.np website नेपाली र अंग्रेजी भाषामा संचालन भईरहेको र मैथिली भाषामा संचालन तयारीमा रहेको ।

९. चुरे सम्बन्धि जनचेतना अभिवृद्धिको लागि रेडियो जिङ्गल (PSA) नेपाली, मैथिली, भोजपुरी, अबधी, तामाङ्ग र थारु भाषा गरी ६ भाषामा तयार भई कार्यक्रम लागु भएका २८ जिल्लाहरुमा र काठमाडौँ उपत्यकामा समेत गरी १६ वटा एफ. एम.बाट नेपाल वातावरण पत्रकार समुहको सहकार्यमा प्रसारणमा रहेको ।

१०. चुरे संरक्षण र समितिको वारेमा जानकारीमूलक २०७२ को वार्षिक क्यालेन्डर ७००० थान प्रकाशन गरि वितरण गरिएको ।

## *६.७ वार्षिक योजना तर्जुमा*

१. समितिले आ. व. २०७२/७३ कोलागि कार्यक्रम प्रस्ताव गर्ने वजेट शिलिड. सहितको रणनीतिक मार्गदर्शन प्रदान गरेको

२. विषयगत मन्त्रालयहरुले पनि मातहतका क्षेत्रिय निर्देशनालयहरु र विभागहरुलाई चुरे क्षेत्रको कार्यक्रम तथा बजेट तर्जुमा गर्न रणनीतिक मार्गदर्शन प्रदान

३. विभागहरुले जिल्ला स्थित कार्यालयहरुलाई मार्गदर्शन

४. प्रत्येक जिल्लाका मुख्य मुख्य नदी प्रणालीहरु मध्ये कम्तिमा १ मा कार्यक्रम केन्द्रित ।

५. सम्बन्धित निकायका प्रमुखहरु बीच अन्तर्क्रिया र फिल्ड निरिक्षण

६. कार्यक्रम सन्चालन गर्ने निकायका प्राविधिकहरु र स्थानिय सरोकारवालाहरु सम्मिलित **Multidisciplinary Team** ले स्थलगत निरीक्षण गरी कृयाकलाप, लागत र स्थान निक्यौंल गरेको ।

७. नदी प्रणालीको को एकीकृत योजना तर्जुमा

८. जिल्ला स्तरमा योजनाहरुको समीक्षा तथा अनुमोदन

९. क्षेत्र र केन्द्र स्तरमा योजनाहरुको समीक्षा गरी आ.व. ०७२।७३मा १५३ आयोजनाहरुको लागि १ अरब ९६ करोड ८१ लाख ५१ हजार लागतको कार्यक्रमहरु भएको योजना प्रस्ताव तयार भएकोमा सोही कार्यक्रम चालु आ. व. २०७२/७३ कोलागि स्वीकृत भै काम संचालन भएको छ ।

## *६.८ अनुगमन*

सम्मानननीय राष्ट्रपतिज्यूबाट २०७१ माघ १७ गते बारा, रौतहट र सिरहा र २०७२ असार २ गते महोतरी, धनुषा, सिरहा, सप्तरीको अवलोकन भ्रमण |

केन्द्रबाट प्रत्येक क्षेत्रमा अध्यक्ष तथा सदस्यहरुलाई जिम्मेवारी तोकिए अनुसार पटक पटक जिल्लाहरुमा अनुगमन गरी पृष्ठपोषण दिने काम भएको थियो र साथै क्षेत्रीय निर्देशनालयहरुबाट आ-आफ्नो क्षेत्रमा भए गरेको कार्यहरुको अनुगमन गरिएको |

जिल्लाहरुबाट अनुगमन समिति मार्फत प्राप्त ढुंगा, गिट्टी, वालुवा  उत्खनन सम्बन्धि स्वीकृतिको लागि १० जिल्लाहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन दिएको |



चित्र ७ : सप्तरीको लोहजारामा सम्मानानीय रास्ट्रपति डा. रामवरण यादव, माननीय वन मन्त्री श्री महेश आचार्य, माननीय श्री माधवकुमार नेपाल लगायतकाबाट  वृक्षारोपण कार्यक्रमको शुभारम्भ



चित्र ८ : माननीय वन मन्त्री श्री महेश आचार्यबाट सप्तरी जिल्लाको उत्कृष्ट सामुदायीक वनलाई पुरस्कृत गरीदै

## ९ साझेदार निकायलाई टेवा तथा प्राविधिक सहयोग

समितिको मुख्य कार्यालय चितवन र पाँच कार्यक्षेत्र मोरङ्गको सलकपुर, धनुषाको महेन्द्रनगर, मकवानपुरको हेटौडा, रुपन्देहीको वुटवल र कैलालीको लम्कीमा स्थापना गरी अनुसन्धान र जिल्ला स्थित साझेदार निकायहरुलाई टेवा पुग्ने गरी प्राविधिक सहयोग र सहजीकरण गर्ने कार्य प्रारंम्भ भएको छ ।

## १० नवीनतम सोंचका कार्यक्रमहरु

१. स्थानीय समुदाय र नेपाली सेनाको सहयोगमा रु. २ करोड ६१ लाख को लागतमा सिराहाको देविदह ताल र बाबा ताल तथा सप्तरीको लोहजारा तालको जिर्णोद्वार गरी पर्या-पर्यटन स्थलको रुपमा विकास गरिएको छ ।

२. त्रिभुवन विश्व विधालय र काठमाण्डौ विश्व विधालय संग २०७१ फाल्गुन २५ मा सम्झौता(**MOU**) भै सहकार्यमा समितिको कार्यक्षेत्र भित्र उच्च गुणस्तरको बाँसको प्रवर्धन तथा चुरेमा पहिरोको मापन र रोकथाम सम्बन्धी अनुसन्धानको काम संचालन हुने भएको ।



चित्र ९ : सप्तरीको लोहजारा माताललाई जीर्णोद्धार गरी पर्यापर्यटन क्षेत्रको रुपमा विकास गरिएको

## *११ समितिको प्रशासनिक तथा व्यवस्थापकीय कामको प्रगति*

**क. संगठन तथा नियमावलीहरू**

१. राष्ट्रपति चुरे तराइ-मधेश संरक्षण विकास समिति गठन आदेश २०७१ (२०७१ असार २)

२. समितिको संगठन तथा दरवन्दी संरचना (२०७१ भदौ २६ मा स्वीकृत)

३. व्यवस्थापन तथा प्रशासकीय कार्यविधि नियमावली २०७१ (२०७१ मंग्सिर २४ मा स्वीकृत)

४. आर्थिक कार्यविधि नियमावली २०७१ (२०७१ फागुन १४ मा स्वीकृत)

**ख. जनशक्ति व्यवस्थापन**

१. नेपाल सरकार बाट निम्नानुसार तहका प्राविधिक तथा प्रशासनिक कर्मचारी काजमा प्राप्त

क. उपसचिव सरहका ४ जना

ख. शाखा अधिकृत सरहका १० जना

ग. नायब सुब्बा सरहका ९ जना

२. समितिले खुला प्रतिष्पर्धात्मक विधिद्वारा नियुक्त गरेका

क. वन तथा जलाधार विज्ञ ५ जना

ख. भुगर्भविद ५ जना

घ. इन्जिनियर ५ जना

ड. कम्प्यूटर इन्जिनियर-१,कम्प्यूटर अपरेटर-१ गरी २ जना

ङ. हलुका सवारीचालक ६ जना

च. कार्यालय सहयोगी ३ जना

**ग. भौतिक सुबिधा**

१. हाल समितिको केन्द्रीय सचिवालय, खुमलटारमा स्थापना भई संचालनमा रहेको |

२. समितिको केन्द्रीय कार्यालय निर्माणका लागि चितवनको भरतपुरमा एक बिघा जग्गा समितिको भोगचलनमा रहने गरी प्राप्त भएको |

३. क्लष्टर कार्यालयहरू क्रमश: मोरङ्गको सलकपुर, धनुषाको महेन्द्रनगर, मकवानपुरको हेटौडा, रुपन्देहीको बुटवल र कैलालीको लम्कीमा स्थापना गरी संचालनमा रहेको ।

४. समितिले ६ वटा जीप, १२ वटा मोटरसाइकल र ४ वटा स्कुटर खरिद गरेको र ४ वटा जिप/कार नेपाल सरकारबाट हस्तान्तरण भै प्राप्त भएको

**घ. प्रकाशनहरू**

१. राष्ट्रपति चुरे तराइ-मधेश संरक्षण विकास समिति एक परिचय (ब्रोसर)

२. चुरे संरक्षण आवश्यकता र उपाय (ब्रोसर)

३. चुरे विनासले सिर्जित समस्या र उपायहरू (पोष्टर)

४. राष्ट्रपति चुरे तराइ-मधेश संरक्षण विकास समितिको संरचना र जनशक्ति व्यवस्थापन पुस्तिका

५. चुरे वातावरण संरक्षण क्षेत्रको एटलस

६. २०७२ सालको क्यालेन्डर

# साझेदार निकायहरूबाट कर्यान्वयन भएका कार्यक्रमहरूको प्रगति तथा खर्च

## *१ जिल्ला वन कार्यालय : कार्यक्रम र प्रगति*

रकम रू. हजारमा

| क्र. सं. | कार्यक्रम/क्रियाकलापको नाम | इकाई | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | लागत |
